नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

## प्रेश विज्ञप्ति

मिति :.........................

२०७५/०८/०८ गते सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूको समुपस्थितिमा आ.व २०७५/७६ को नेपाल सरकारको नीति तथा कार्यक्रम एवं बजेट कार्यान्वयनको कार्ययोजनामा भएको प्रगतिको प्रथम चौमासिक समिक्षा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पन्न भयो।

आज उपप्रधानमन्त्री तथा रक्षा मन्त्री, उपप्रधानमन्त्री तथा स्वास्थ्य मन्त्री, गृह मन्त्री, परराष्ट्र मन्त्री, कानून, न्याय तथा संसदीय मामिला मन्त्री, वाणिज्य तथा आपूर्ति मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री, अर्थ मन्त्री र राष्ट्रिय योजना आयोगका उपाध्यक्ष एवम् सदस्यहरु समेतको उपस्थितिमा विभिन्न मन्त्रालयका सचिवज्यूहरुले आ-आफ्नो मन्त्रालयको चौमासिक प्रगति प्रस्तुत गर्नुभयो ।

आजको समिक्षामा भएको प्रस्तुति पश्चात् राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षले सूचक र Reporting मा एकरुपता ल्याउदै यस समिक्षालाई आयोगको राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) सँग जोड्नुपर्ने र राष्ट्रिय गौरवका आयोजना निर्माणमा थप तिव्रता दिँदै चुरे संरक्षणसँग सम्वन्धित आयोजनाको प्रभावकारिता र व्यापार घाटा न्यूनिकरणमा विशेष ध्यान पुर्‍याउनुपर्ने बताउनुभयो ।

यस कार्यक्रममा भएका प्रस्तुतिकरणको समिक्षा गर्दै माननीय अर्थमन्त्रीज्यूले आगामी दिनमा Milestone हरुको Weightage का आधारमा मूल्याङ्कन गर्नुपर्ने बताउनुभयो । उहाँले यो स्वमूल्याङ्कन पनि भएको हुँदा हामिले प्रगतिको व्याख्या गर्ने मात्रै नभएर हामिले गरेको कामको नतिजा देखिने एवम् जनताले महशुस गर्ने खालको हुनुपर्ने र अन्तर मन्त्रालय समन्वय छिटो छरितो प्रभावकारी हुनुपर्ने बताउनुभयो ।


टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति :......................

सम्माननीय प्रधानमन्त्रीज्यूले नीति/कार्यक्रम र वजेटमा उल्लेखित क्रियाकलापहरुको तीन दिनको चौमासिक समिक्षा अत्यन्त उपयोगी भएको र नीतिले निर्दिष्ट गरेका क्रियाकलापहरुको हालसम्मको प्रगतिको लेखाजोखा भई आगामी दिनमा कसरी अगाडी बढ्ने भन्ने स्पष्ट खाका तयार भएको बताउनुभयो । सबै मन्त्रालय तथा निकायले कार्यसम्पादन गर्दा आफ्नै जनशक्तिको अधिकतम प्रयोग मार्फत ठोस उपलब्धी हासिल गर्ने गरी प्रविधिमैत्री भई सार्वजनिक खर्च मितव्ययीतालाई ध्यान दिनुपर्ने बताउनुभयो साथै सबै मन्त्रालयहरुले आफ्ना मातहतका निकायको अनुगमनको गर्नुपर्ने र प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले आफ्ना मातहतका निकाय साथै सम्पूर्ण मन्त्रालयहरुको कामको अनुगमनको अनुगमन गर्ने र सम्पूर्ण प्रशासनिक संयन्त्रको सुधारको नेतृत्व मुख्य सचिवले लिनुपर्ने निर्देशन दिनुभयो। कानूनलाई संवैधानिक प्रावधान संग अनुकूल बनाउनु पर्ने भएकाले सबै मन्त्रालयले संसद बैठक भन्दा अगाडि नै कानून निर्माणको सम्बन्धमा संसदमा लैजानुभन्दा अगाडीका सम्पूर्ण प्रक्रिया पूरा गरी तयारी अवस्थामा रहनुपर्ने बताउनुभयो । मन्त्रालय विभागले आफ्नो हित हेर्दा राष्ट्रिय हितलाई समग्रतामा हेरी अन्य मन्त्रालयसँगको तादम्यतालाई विशेष जोड दिन निर्देशन दिनुभयो ।

हाम्रो काँधमा गहन अभिभारा रहेको र असफल हुने, ढिलासुस्ती गर्ने छुट कसैलाई नभएको हुँदा तिव्रताका साथ कार्य अगाडी बढाई सबै अवयवहरुलाई गतिशिल बनाउँदै जनतालाई उपलब्ध गराउने सेवाप्रवाह परिणाममुखी र चुस्त दुरुस्त बनाउनुपर्ने बताउनुभयो ।

मिति: २०७५/०८/०८

बिनोद बहादुर कुँवर
सहसचिव / प्रवक्ता